## ४५ औं कार्यपालिका निर्णयहरु (मिति २०८१।०९।२२)

प्रस्ताव नं १ सटर भाडा सम्बन्धमा ।

निर्णय नं १ प्रस्ताव नं १ माथी छलफल गर्दा टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको स्वामित्वमा वडा नं.१ र वडा नं.७ मा रहेको सपिङ्ग काम्प्लेक्स भवनमा रहेका कोठा (सटर कवल) को बाँकीबक्यौता रकम असुली सम्बन्धमा देहाय बमोजिम गर्ने/गराउने निर्णय गरियो ।

(क) कोठा बहालमा लिएका व्यक्ति/फर्मले नगर कार्यपालिकाको कार्यालयलाई हालसम्म बुझाउन बाँकी कोठा भाडा र विलम्ब शुल्क बापतको जम्मा रकमको पचास प्रतिशत रकम दुई महिना भित्र बुझाई बाँकी हुन आउने रकम दुई वर्ष भित्र बुझाउन इच्छुक भई कबुल गरी सो बराबरको बैंक जमानत पत्र पेश गरेको खण्डमा सोहि बमोजिम रकम बुझाउन सक्ने व्यवस्था मिलाउने ।

(ख) निर्णय नं.१ (क) बमोजिम भाडा र विलम्ब शुल्क बापतको रकम नबुझाउने व्यक्ति/ फर्मको हकमा टीकापुर नगरपालिकाको आर्थिक ऐन र प्रचलित कानून बमोजिम आवश्यक कारबाही अगाडि बढाई सम्बन्धित व्यक्ति/फर्मबाट बाँकीबक्यौता रकम असुली गर्ने ।

प्रस्ताव नं २ साहित्यिक समाज टीकापुरको भवन र टिकापुर-८ कोलबन्जरीको सामुदायिक भवनको जग्गा एकिन सम्बन्धमा।

निर्णय नं.२ प्रस्ताव नं २ माथि छलफल गर्दा रिठे गाँउ कालिका मन्दिर सेवा समिति, टीकापुर-८ बन्जरियाको भोगचलनमा रहेको प्रति ऐलानी जग्गा मध्ये पुर्वमा बाटो, पिश्चिममा कालु साउदको जग्गा, उत्तरमा टेकबहादुर साउदको जग्गा र दक्षिणमा धनबहादुर साउदको जग्गा यति चार किल्ला भित्रको ०.७.० ज बि जग्गामा उक्त सामुदायीक भवन निर्माण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.३ पार्कको वीरेन्द्र विश्राम बाटिका र महेन्द्र बाटिका खुल्ला गर्ने सम्बन्धमा ।

निर्णय नं.३ प्रस्ताव नं.३ माथि छलफल गर्दा टीकापुर बृहत उद्यान बँगला पार्क स्थित वीरेन्द्र विश्राम बाटिका अवलोकन गर्न चाहने पर्यटकका लागि खुला गर्नुका साथै प्रति पर्यटक रु.२०।- (बिस) प्रवेश शुल्क कायम गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.४ बरघर ऐन सम्बन्धमा।

निर्णय नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रमा वसोवास गर्ने थारु समुदायको प्रथाजनित बरघर/भलमन्सा प्रचलनलाई थप व्यवस्थित गर्न प्रस्तावित बरघर/भलमन्सा सञ्चालन ऐन,२०८१ विधेयकका रुपमा आगामी १६ औं नगरसभा अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.५ बजेट विनियोजन सम्बन्धमा ।

निर्णय नं.५ प्रस्ताव नं. ५ माथी छलफल गर्दा आगामी नगर सभाबाट अनुमोदन तथा समर्थन हुने गरी क्षेत्रगत आयोजना तथा कार्यक्रमहरुको प्रगति समिक्षाको आधारमा तपशिल बमोजिम चालु आ.व.२०८१।०८२ का लागि थप बजेट विनियोजन गर्ने र क्रमश कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं | आयोजना तथा कार्यक्रमको नाम | आयोजना स्थल | विनियोजीत रकम रु. | श्रोत/शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा न.१ अन्तर्गतका विविध कार्यक्रम | टीकापुर-१ | ३०,००,०००।- | आन्तरिक श्रोत | |
| २ | वडा न.२-८ अन्तर्गतका विविध कार्यक्रम | वडा नं. 2-9 | १,६०,००,०००।- | आन्तरिक श्रोत | प्रत्येक वडालाई रु.२०लाखका दरले |
| ३ | विद्यालय भवन निर्माण अपुग रकम | वडा नं.३,४,६,७ | १,००,००,०००।- | आन्तरिक श्रोत | |
| ४ | हाम्रि छोरि प्यारी छोरी | वडा न.१-९ | ७,००,०००।- | आन्तरिक श्रोत | |
| ५ | नगर शिक्षक अनुदान | वडा नं.२,८ | ४,००,०००।- | आन्तरिक श्रोत | जनजागृति मा.वि.सितापुर नि.मा.वि तह, रा.आ.वि.अरुणाफाटा सुर्यपुर नि.मा.वि तह, कर्णाली आ.वि.श्रीलंका प्रा.वि.तह. |
| ६ | स्थानिय पाठ्यक्रम छपाई | टीकापुर १-९ | ८,००,०००।- | आन्तरिक श्रोत | |
| ७ | महिला स्वास्थ्य स्वयमसेविका सम्मान कार्यक्रम | टीकापुर १-९ | ४,००,०००।- | आन्तरिक श्रोत | |
| ८ | H.I.V पिडित पोषण कार्यक्रम | टीकापुर १-९ | २,५०,०००।- | आन्तरिक श्रोत | |
| ९ | विमानस्थल कालोपत्रे साझेदारी | टीकापुर -१ | १,००,००,०००।- | आन्तरिक श्रोत | |

प्रमुख प्रशासकीय अधिकृत

(छाप: टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, टीकापुर, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल)

रामलाल डगौरा
नगर प्रमुख

Scanned

| | | | | | |
|---|---|---|---|---|---|
| १० | विमानस्थल तारजालि जडान | टीकापुर -१ | ३५,००,०००।- | आन्तरिक श्रोत | |
| ११ | मुनुवा रोड खाद्यगोदाम रोड कालोपत्रे | टीकापुर -१ | ६५,००,०००।- | आन्तरिक श्रोत | |
| १२ | ओद्योगिक क्षेत्र गुरुयोजना परामर्श खर्च | टीकापुर -१ | ५,००,०००।- | आन्तरिक श्रोत | |
| १३ | टीकापुर बङ्गला पार्कमा संग्रालय, प्रधानमन्त्री तथा मुख्य मन्त्री विश्राम वाटिका, रेष्टुरेन्ट र ध्यानयोग केन्द्र निर्माण आयोजनाको प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन तयार | टीकापुर -१ | ५,००,०००।- | आन्तरिक श्रोत | |
| १४ | माधि मेला-दौलतपुर घाट वडा नं ५ | टीकापुर -५ | ३,००,०००।- | आन्तरिक श्रोत | |
| १५ | गुलाबको सिटिको लागि गुरु योजना | टीकापुर -१ | ५,००,०००।- | आन्तरिक श्रोत | |
| १६ | गुलाब फुलका वोट विरुवा खरिद | टीकापुर -१ | १०,००,०००।- | आन्तरिक श्रोत | |
| १७ | सामुदायीक सेवा केन्द्र व्यवस्थापन खर्च | टीकापुर -१ | २,००,०००।- | आन्तरिक श्रोत | |
| १८ | जातिय विभेद तथा छुवाछुत सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन | टीकापुर -१-९ | २,००,०००।- | आन्तरिक श्रोत | परियार समाज शसक्तीकरण मञ्च, टीकापुर |
| १९ | सस्कृती प्रवधन कार्यक्रम | टीकापुर -१-९ | ४,००,०००।- | आन्तरिक श्रोत | |
| २० | होलि र पुत्ला पर्व | टीकापुर -१ | १,००,०००।- | आन्तरिक श्रोत | टीकापुर सास्कृतिक समाज |
| २१ | ब्याटमिटन कोड निर्माण | टीकापुर -३,४ | १,००,०००।- | आन्तरिक श्रोत | |
| २२ | नापी कार्यालयको कार्यालय व्यवस्थापन | टीकापुर -१ | २,००,०००।- | आन्तरिक श्रोत | |
| २३ | मालपोत कार्यालयको कार्यालय व्यवस्थापन | टीकापुर -१ | २,००,०००।- | आन्तरिक श्रोत | |
| २४ | कार्यशाला गोष्टी | टीकापुर -१ | २५,०००।- | आन्तरिक श्रोत | Dolphin, Aquatic and Boidiversity Conservetion Nepal -Tikapur |
| २५ | संस्थागत विकास | टीकापुर -१ | १,००,०००।- | आन्तरिक श्रोत | थारु पौराणिक संस्कृति संरक्षण समाज, टीकापुर |
| २६ | नयां वर्षमा थप जनशक्ति परिचालन | टीकापुर -५ | १,००,०००।- | आन्तरिक श्रोत | टीकापुर पार्क व्यवस्थापन तथा पर्यटन सुचना केन्द्र |
| २७ | टीकापुर पार्कको मुल गेट मर्मत | टीकापुर -५ | १,००,०००।- | आन्तरिक श्रोत | |
| जम्मा रकम | | | ५,६०,७५०००।- | | |

प्रस्ताव नं.६ नगर प्रहरी लाई लठ्ठी र खुकुरी बोक्न पाउने अनुमति माग्ने सम्बन्धमा ।

निर्णय नं.६ प्रस्ताव नं.६ माथि छलफल गर्दा यस नगरपालिका मातहत रहेको नगर प्रहरी संगठनले पाएको जिम्मेवारी वहन गर्ने कार्यमा सहजता ल्याउन शान्ति सुव्यवस्था कायम राख्न नगर प्रहरीहरुले डिउटीमा खट्दा काठको लठ्ठी र खुकुरी बोक्न पाउने अनुमतिका लागी नेपाल सरकार, गृह मन्त्रालयमा अनुरोध गरि पठाउने निर्णय गरियो ।

प्रस्ताव नं.७ प्राविधिक कर्मचारीहरुलाई प्रोत्साहन भत्ता सम्बन्धमा ।

निर्णय नं.७ प्रस्ताव नं.७ माथि छलफल गर्दा यस कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरु सिभिल ईन्जिनियर, सब ईन्जिनियर, अ.सब ईन्जिनियर र सर्भेक्षक तथा अमिनहरु फिल्डमा खटे वापत यस नगरपालिकाको कन्टेन्जेन्सी रकमको कोषवाट खर्च हुने गरि खाईपाई आएको मासिक तलबको १२% रकम प्रोत्साहन भत्ता स्वरुप मासिक रुपमा उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं.८ विभिन्न कार्यविधि/नीति निर्माण सम्बन्धमा ।

निर्णय नं.८ प्रस्ताव नं.८ माथि छलफल गर्दा निम्नानुसारका कार्यविधि/नीति निर्माण गर्ने र सोही कार्यविधि/नीति अनुरुप क्षमता विकास तथा शसक्तिकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

१.उपेक्षित, उत्पिडित दलित समुदायको उत्थान र विकास गर्ने सम्बन्धी कार्यविधि ।

२.लैङ्गिक समानता अपाङ्ता तथा समाजिक समावेशिकरण निति २०८१ ।

प्रस्ताव नं.९ मुक्त कमैयाहरुको शिक्षा, स्वास्थ्य तथा रोजगारीका लागि सिफारिस सम्बन्धमा ।

निर्णय नं.९ प्रस्ताव नं.९ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रका मुक्त कमैयाहरुको शिक्षा, स्वास्थ्य, गाँस, बाँस कपास तथा रोजगारीका लागि आवश्यक व्यवस्था मिलाई दिन नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबि निवारण मन्त्रालय, सिंहदरवार, काठमाण्डौलाई सिफारिस गरि पठाउने निर्णय गरियो ।

प्रस्ताव नं.१० सेवा परिवर्तन सम्बन्धमा ।

प्रमाणित

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

रामलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner

निर्णय नं.१० प्रस्ताव नं.१० माथि छलफल गर्दा यस कार्यालय भेटेनरी प्रा स स पाँचौ तहमा कार्यरत श्री लोक बहादुर बुढा र कम्प्युटर अपरेटर स.पाँचौ तहमा कार्यरत श्री अमृता कुमारी रावलले आफुहरुलाई सोही तहको समान स्तर प्राविधिक सेवाबाट प्रशासन सेवा तर्फ सेवा परिवर्न गराई पाँउ भनि निवेदन पेश हुन आएकोले सेवा परिवर्तन सम्बन्धमा प्रचलित कानून अनुसार हुने गरि आवश्यक प्रकृयामा लैजाने निर्णय गरियो ।

स्ताव नं.११ स्थानीय अनुगमन समितिको संरचना र कार्यविवरण सम्बन्धमा ।

निर्णय नं.११ प्रस्ताव नं.११ माथि छलफल गर्दा सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा १८ को प्रयोजनका लागि आगामी नगर सभाबाट अनुमोदन हुने गरी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) स्थानीय अनुगमन समितिको संरचना तपसिल बमोजिम हुने ।

| | |
|---|---|
| १) नगर प्रमुख | – संयोजक |
| २) नगर उपप्रमुख | – सदस्य |
| ३) प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| ४) सम्बन्धित वडा अध्यक्ष | – सदस्य |
| ५) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक | – सदस्य |
| ६) नगर कार्यपालिकाका महिला सदस्य मध्येबाट एक जना | – सदस्य |
| ७) शहरी पूर्वाधार विकास शाखा प्रमुख | – सदस्य |
| ८) वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख | – सदस्य |
| ९) राजस्व शाखा प्रमुख | – सदस्य-सचिव |

(ख) स्थानीय अनुगमन समितिको कार्यविवरण यस टीकापुर नगरपालिका क्षेत्रभित्र नदीजन्य पदार्थको सङ्कलन, भण्डारण क्रसिङ र बिक्री वितरण कार्यको कार्यान्वयन, समन्वय, अनुगमन र नियमन गर्ने एवं स्वीकृत मापदण्ड र कार्यविधिको पालना एवं गुणस्तर सुनिश्चित गर्ने सम्बन्धी विषयमा केन्द्रित रहने ।

(ग) स्थानीय अनुगमन समितिमा नगर कार्यपालिकाका महिला सदस्य मध्येबाट रहने सदस्य पदमा श्री रुपमति डगौरा थारुलाई तोक्ने ।

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

८९ औं कार्यपालिका निर्णय (मिति २०८१/०९/२२)

Scanned with CamScanner